नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौँ, नेपाल ।

## ट्रेडमार्क दर्ता सम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति : २०८२/०८/१५)**

यस विभागबाट मिति २०८२/०५/०३ मा प्रकाशित ट्रेडमार्क दर्ता सम्बन्धी सूचना जेनजी प्रदर्शनका क्रममा गत भदौ २४ गते देशव्यापी रूपमा भएको आगजनी, तोडफोड, लुटपाटका घटनाबाट यस विभागको औद्योगिक सम्पत्ति शाखामा रहेका भौतिक फाइलहरू जलेर नष्ट भई विषम र असहज परिस्थिति सिर्जना भएका कारण मिति २०८२ असोज ८ गतेको सूचनाबाट स्थगित गरिएकोमा सो सम्बन्धमा थप स्पष्ट पारी यो सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धमा देहाय बमोजिम गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

१. यस विभागमा ट्रेडमार्क दर्ताका लागि निवेदन दिएका र कागजात पूरा नभएका दरखास्तवालाहरूको हकमा यसपूर्व आवेदन गर्नुभएका सम्पूर्ण दरखास्तवालाहरूले यो सूचना प्रकाशित भएको मितिले ९० दिनभित्र आवश्यक कागजात साथ राखी पुनः निवेदन पेश गर्नुपर्नेछ । अन्यथा उक्त मितिभित्र निवेदन पेश नगरेका सात वर्षभन्दा अघिदेखि आवेदन भई बसेका सबै पुराना दरखास्तहरू ९० दिन पश्चात् स्वतः खारेज हुनेछन् ।

२. यो सूचना प्रकाशित हुनुभन्दा अघि औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशित भई दाबी विरोधको उजुरी नपरेका ट्रेडमार्क दरखास्तवालाको हकमा यो सूचना प्रकाशित भएको ६ महिनाभित्र प्रमाणपत्र लिनका लागि आवश्यक कागजात सहित विभागमा निवेदन पेश गर्नुपर्नेछ । सो अवधिभित्र दरखास्त पेश नगरेमा त्यस्ता आवेदनहरू खारेज भई जानेछन् ।

Government of Nepal
Ministry of Industry, Commerce, and Supplies

## Department of Industry

Tripureshwor, Kathmandu, Nepal

# Notice Regarding Trademark Registration

(Date of Publication of the Notice: 2025/12/01)

The notice regarding trademark registration published by this Department on August 19, 2025 (2082/05/03 B.S.) was suspended by a subsequent notice dated September 24, 2025 (2082/06/08 B.S.) due to nationwide incidents of arson, vandalism, and looting during the Gen-Z movement on September 9, 2025 (2082/05/24 B.S.), which resulted in the destruction of several physical files maintained in the Industrial Property Section of this Department, creating adverse and challenging circumstances. Accordingly, this notice is hereby published to provide further clarification on the matter. All concerned are hereby requested to comply with the following:

1. With respect to applications filed with this Department, including those submitted with incomplete documentation, all applicants must resubmit their applications along with the necessary documents within 90 days from the date of publication of this notice. Any applications pending for more than seven years and for which no application is submitted within the prescribed timeframe will, *ipso facto,* be cancelled after 90 days.

2. In the case of applicants whose trademarks were published in the Industrial Property Bulletin prior to the publication of this notice, and against which no opposition was filed, such applicants must submit an application along with the required documents to this Department within six months from the date of publication of this notice in order to collect the certificate. If an application is not submitted within the prescribed period, such applications will be cancelled.